आज मिति २०७७ असार ५ गते, शुक्रबार बिहान ७:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

विषयहरु :-

१. सातौं नगरसभा सम्बन्धमा ।

२. विविध ।

निर्णयहरु :-

१. भक्तपुर नगरपालिकाको नियमित सातौं नगर सभा यही २०७७ असार ७ गते, दिनको १:०० बजे नगरपालिकाको सभा कक्षमा बस्ने यस अघि मिति २०७७।२।२८ गतेको बसेको नगर कार्यपालिका बैठकले निर्णय गरेकोमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो :-

मिति : २०७७ असार ७ गते

समय : बिहान ७:३० बजे

स्थान : ख्वप इन्जिनियरिङ्ग कलेजको सभाकक्ष

२. सातौं नगर सभाको उदघाटन समारोहमा देहाय बमोजिम अतिथिहरु आमन्त्रण गर्ने निर्णय गरियो :

सभापति : सुनिल प्रजापति – प्रमुख, भक्तपुर नगरपालिका

प्रमुख अतिथि : प्रेम सुवाल – माननीय सांसद, संघीय प्रतिनिधि सभा

विशेष अतिथि : सुरेन्द्रराज गोसाई – माननीय सांसद, बागमती प्रदेश सभा

अतिथि : हुमकला पाण्डे – प्रमुख जिल्ला अधिकारी, भक्तपुर

स्वागत मन्तव्य : रजनी जोशी – उपप्रमुख, भक्तपुर नगरपालिका

धन्यवाद ज्ञापन : इन्द्र प्रसाद बस्याल – प्रमुख प्रशासकीय अधिकृत

३. भक्तपुर नगरपालिकाको सातौं नगरसभामा भक्तपुर नगरपालिकाको आगामी आ.व. २०७७/०७८ का लागि पेश गरिने नीति तथा कार्यक्रमलाई बैठकबाट आवश्यक सुझावसहित पारित गरियो ।

४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नपाको गाडी नं. बा १ ग २९४१ मर्मत गर्दाको रु. १९,१००।- तुल्सी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. 'अर्हत' त्रैमासिक पत्रिकाको वर्ष ८, अंक १ र वर्ष ७, अंक ४ मा गरी दुई पटक यस नपाको विज्ञापन प्रकाशन गरे वापत रु. १६,०००।- बौद्ध दर्शन अध्ययन समाजलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित भर्च्युअल कक्षाहरु टेलिभिजनमा प्रसारणका लागि कार्यक्रम उत्पादन गरे वापत रु. १,८०,८००।- ख्वप मल्टिपर्पोज प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. २६,४७०।- भ्रःछे नेवारी खाजा घरलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु. ५४,२६५।- दिब्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगर शिक्षा शाखाका स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यले दक्ष स्काउट मास्टर उत्पादन गर्न मिति २०७६ पुस २४ गतेदेखि २९ गतेसम्म स्काउटिङ्ग तालिम संचालनका रु.७५,०००।- पेश्की लिई रु. १,५२,६६५।- बराबरको बिल भपाई पेश गरी नपुग रकम रु. ७७,६६५।- भुक्तानी समर्थन गरी निजका नाममा रहेको पेश्की फछ्यौट गरियो ।

छ. कृषि प्राविधिक तालिमका लागि वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले रु.२,००,०००।- पेश्की लिई रु. ३,५७,३४०।- खर्चको फांटवारी समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्यौंट गरी नपुग रकम १,५७,३४०।- भुक्तानी दिइएको अनुमोदन गरियो ।

ज. वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले जिम्न्याष्टिक खेल सामग्री खरिदका लागि रु. १,५०,०००।- पेश्की लिई रु. १,४६,६२४।- को खर्च समर्थन गरी आयकर सहित रु. ५,५२५।- बैक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्यौंट गरियो ।

झ. नपामा विभिन्न समयमा जलपान उपलब्ध गराए वापत रु. १३,५६०।- सूयविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भ.न.पा.वडा नं. ८ को वडा स्तरीय योजना अन्तर्गत महेन्द्र आधारभूत विद्यालयको दक्षिणतर्फ पर्खाल निर्माण कार्य योजना संचालन गर्न रु.११,९६,३०४।२१ ल.ई स्वीकृत गरी श्री लक्ष्मीभक्त गाईजुको अध्यक्षतामा गठित ७ सदस्यीय समितिबाट योजना संचलन गर्दै जांदा सो स्थानमा एक तल्ले भवन बनाउन उपयुक्त हुने वडावासीहरु र उपभोक्ता समितिको राय सुझाव आई वडा समितिबाट स्थलगत अध्ययन गर्दा वडावासीहरुको रायसुझाव अनुसार एक तल्ले भवन बनाउन उपयुक्त देखी सो अनुसार कार्य संचालन गर्न वडा प्राविधिकलाई रि.ल.ई गराउंदा रु.४७,९२,४८५।४३ रि.ल.ई. पेश भएकोमा उक्त रि.ल.ई. मिति २०७६।५।२६ गतेको वडा समितिको बैठकबाट स्वीकृत गरी पटक पटक पेश्की र पेश्की फछ्यौंट पछिको नपुग रकम भुक्तानी दिई उक्त निर्माण कार्य भइरहेको र उक्त योजनाको ल.ई. रु.२५,००,०००।-भन्दा बढी हुन गएको साथै वडा बजेट पनि खर्च भइसकेको हुंदा उक्त आयोजनालाई आवश्यक बजेट विनियोजन गरी पाऊं भनी दिएको निवेदन सम्बन्धमा छैठौं नगर सभाबाट रु.३०,००,०००।- (अक्षेरुपी रु. तीस लाख रुपैया मात्र) रकमान्तर गरी बजेट विनियोजन भए पश्चात् उक्त कार्य योजनालाई निरन्तरता दिई संचालन गर्दै गरेको

**र उक्त योजना वडा कार्यालयमार्फत उल्लेखित उपभोक्ता समितिबाट निरन्तरता दिन रु.३०,००,०००।- (अक्षेरुपी तीस लाख रुपैया) माग भएकोमा कार्यपालिका बैठकमा छलफल हुंदा हाललाई रु.२०,००,०००।- (अक्षरुपी रु.बीस लाखं) भ.न.पा. ८ नं. वडा कार्यालयलाई निकासा दिने निर्णय गरियो ।**

| **ट. मिति : २०७७/०३/५ गते बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| **ल.ई. सम्बन्धमा** | | | | | | | | | | |
| १ | छिपा तां (महेश्वरी पुल) पुन:निर्माण कार्य दोस्रो चरण | ७ | ९,९४१,७९७।९१ | | | | | | नपा | पेश्की ३२,००,००० |
| **पेस्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | भोलाछे पोखरी पुन:निर्माण कार्य | ६ | ३,१३९,२९१।४७ | | २८०४।१५७०१ | १,८६७,१४८।९० | १,०००,०००।०० | ८६७,१४८।९० | नपा | थप पेश्की ८,००,००० |
| २ | छाती पुन:स्थापना केन्द्र भवनको दोस्रो चरण कार्य गर्न | ९ | ७,१३३,४५७।७२ | ९,९९२,१९७।२१ | १०,०३४,९८१।७२ | ५,७३३,५५८।०० | ३,५५०,०००।०० | २,१८३,५५८।०० | नपा | सम्पन्न |
| ३ | छिपा ताँ (महेश्वरी पुल) पुन:निर्माण कार्य | ७ | ९८९९,४६८।९० | | १०,३२८,४९८।५३ | ८,२७४,७४१।८० | ४,७००,०००।०० | | नपा | सम्पन्न |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | |
| १ | महेन्द्र आधारभूत विद्यालय दक्षिणतर्फ पर्खाल निर्माण कार्य | ८ | १,१९६,३०४।२१ | ४,७९२,४८५।४३ | उ.अ.अ : लक्ष्मीभक्त गाइजू | | अ.स.स : कृष्णप्रसाद कोजू | | | |